आज मिति २०८१।०९।०७ गते नारायण नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री लोमन शर्मा ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको २९ औं बैठक बसि निम्न प्रस्तावहरु माथि दफावार छलफल भई तपसिल अनुसार निर्णयहरु गरियो ।

उपस्थिति

| क.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोमन शर्मा | नगर प्रमुख | |
| २ | श्री तप्ता कुमारी खडका थापा | नगर उप प्रमुख | |
| ३ | श्री सन्देश कुमार श्रेष्ठ | सदस्य १ नं वडा अध्यक्ष | |
| ४ | श्री रेशम बहादुर थापा | सदस्य २ नं वडा अध्यक्ष | |
| ५ | श्री चन्द्र प्रसाद उपाध्याय | सदस्य ३ नं.वडा अध्यक्ष | |
| ६ | श्री चन्द्र बहादुर कटुवाल | सदस्य ४ नं वडा अध्यक्ष | |
| ७ | श्री ऐमान सिं थापा | सदस्य ५ नं वडा अध्यक्ष | |
| ८ | श्री कृष्ण प्रसाद सुवेदी | का.वा. ६ नं वडा अध्यक्ष | |
| ९ | श्री खडग बहादुर शाही | सदस्य. ७ नं वडा अध्यक्ष | |
| १० | श्री मुक्तीनाथ खत्री | का.बा. ८ नं वडा अध्यक्ष | |
| ११ | श्री महेन्द्र बिक्रम खडका | सदस्य ९ नं.वडा अध्यक्ष | |
| १२ | श्री लाल बहादुर बस्नेत | सदस्य १० नं वडा अध्यक्ष | |
| १३ | श्री दिर्घ बहादुर मल्ल | सदस्य ११ नं वडा अध्यक्ष | |
| १४ | श्री रत्ना कुमारी थापा | का.पा.सदस्य | |
| १५ | श्री खगिसरा सुनार | का.पा.सदस्य | |
| १६ | श्री रत्नकलि सार्की | का.पा.सदस्य | |
| १७ | श्री तिर्थ बहादुर दमाई | का.पा.सदस्य | |
| १८ | श्री बखत बहादुर नेपाली | का.पा.सदस्य | |
| १९ | श्री मनसरा अधिकारी | का.पा.सदस्य | |
| २० | श्री भोज कुमारी कोईराला | का.पा.सदस्य | |
| २१ | श्री पदम ~~प्रसाद~~ बहादुर सापकोटा | सदस्य सचिव | |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | प्रेम कुमार उपाध्याय | नगर प्रमख ज्यूको सचिवालय प्रमुख | |
| २ | | | |
| ३ | | | |

य नं १
यण नगरपालिका क्षेत्र भित्र कृषि उत्पादनलाई व्यवस्थित, सरल, शुलभ र गुणस्तरीय रुपमा विक्री रण गर्न नारायण नगरपालिकाको कृषि तथा पशुपंक्षी ऐन, २०७४ को दफा ४ बमोजिम तयार भई कार्यपालिका वैठकमा पेश हुन आएको "एकिकृत कृषि बजार तथा चिस्यान केन्द्र व्यबस्थापन तथा लन कार्यविधी २०८१" स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

र्णय नं २
ायण नगरपालिकामा कार्यरत विभिन्न सेवा,समुह र तहमा कार्यरत कर्मचारीहरुको पदस्थापना बन्धमा नारायण नगरपालिकाको नेपाल सरकारबाट स्वीकृत दरवन्दी, कर्मचारीहरुको जेष्ठता, हाजिर को समय लगायत सम्पूर्ण कागजातहरुको अध्ययन गरि उपयूक्त राय, सुभाव पेश गर्न नानुसारको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल
ोजक: सुशासन समितिका अध्यक्ष श्री जनक प्रसाद न्यौपाने
दस्य: प्रमुख प्रशासकीय अधिकृत श्री रेशम बहादुर बुढा
दस्य: लेखा अधिकृत(सातौं) श्री चिरन्जीवी उपाध्याय

र्णय नं ३
रायण नगरपालिकाका विभिन्न वडाहरुमा विगतदेखि हालसम्म विभिन्न समयमा भएको वाढी, पहिरो गलागी जस्ता विपद्जन्य प्रकोपबाट घर जग्गा लगायत अन्य सम्पति गुमाउन वाध्य भएका पसिलका परिवारहरुलाई भएको क्षतिको मुचुल्का, सिफारिस र निवेदनको आधारमा प्रति घर रिवारलाई रु.५००० राहत ,क्षतिपूर्ति विपद्कोष बाट उपलब्ध गराउने निर्णय गरियो ।

पसिल

| क्र.स. | नामथर | वडा नं | राहत रकम |
|---|---|---|---|
| १ | चन्द्र कुमारी सुनार | ८ | ५,००० |
| २ | कमला कुमारी नेपाली | ६ | ५,००० |
| ३ | अशोक कुमार राना | १ | ५,००० |
| ४ | कमला रावल | ८ | ५,००० |
| ५ | वाटु नेपाली | ३ | ५,००० |
| ६ | राम बहादुर दमाई | ६ | ५,००० |
| ७ | मान सिंह सार्की | ३ | ५,००० |
| ८ | लाल बहादुर दमाई | ७ | ५,००० |
| ९ | मन कुमारी ढकाल जैसी | ५ | ५,००० |
| १० | तुल्छी दमाई | ३ | ५,००० |
| ११ | मिना कुमारी खडका | १० | ५,००० |
| १२ | नर बहादुर रावत | १० | ५,००० |

**निर्णय नं ४**

बस नारायण नगरपालिका अन्तर्गत वडा नं ८ को वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न भएको हुँदा प्राविधिकको अन्तिम मूल्याङ्कन प्रतिवेदनको आधारमा अपुग रकम संघीय समपुरक म्याचिङ्ग रकमबाट भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ५**

नारायण नगरपालिकाको १४ औं नगरसभाबाट स्वीकृत कार्यक्रम अनुसार प्रदेश सरकार समपुरक अनुदान साझेदारी शिर्षकमा रु. १ करोड पचास लाख विनियोजन रकम मध्येबाट विभिन्न योजना संग साझेदारीमा रकमान्तर तथा शंशोधन गरि हेल्भेटाँस नेपाल मार्फत वडा नं १० र ११ मा २ ओटा खानेपानी योजनाहरु संचालनका लागि नारायण नगरपालिका र हेल्भेटाँस नेपाल विच भएको सम्झौता अनुसार तपसिलमा उल्लेखित योजनाहरुमा निम्नानुसारको रकम शंशोधन गर्ने निर्णय गरियो ।

| क.स. | आयोजनाको नाम | शंशोधित रकम |
|---|---|---|
| १ | टाटामाखु थाली खानेपानी योजना न.न.पा. ११ साझेदारी | २१,६८,५००।- |
| २ | मौरीभिर भुवापानी खानेपानी तथा सरसफाई योजना ना.न.पा. १० साझेदारी | २२,३९,६००।- |

**निर्णय नं ६**

बस नारायण नगरपालिकामा निर्वाचित दलित जनप्रतिनिधिहरुको वैठकको खाजा खर्च वापतको रकम रु.१०,८००(अक्षरुपी दश हजार आठ सय) विविध खर्च शिर्षक बाट भूक्तनी गर्ने निर्णय गरियो ।

**निर्णय नं ७**

नारायण नगरपालिकाको चालु आ.ब.२०८१।०८२ को हिउदे अधिवेशन तोकिएको समयमा सम्पन्न गर्नका लागी यहि पौष १५ गते देखि ३० गते भित्र सवै विषयगत समितिका वैठकहरु संचालन गरि २०८१ साल माघ ३ गतेका दिन हिउदे अधिवेशन सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं ८**

बस नारायण नगरपालिका अन्तर्गत त्रिवेणी स्वास्थ्य चौकीमा कार्यरत जनस्वास्थ्य निरिक्षक श्री दिपा शर्माले असाधारण विदा स्वीकृत गरिपाँउ भनि पेश गर्नु भएको निवेदन अनुसार मिति २०८१।१२।०१ गते देखि मिति २०८२।११।३० गते सम्म बढीमा १ (एक) बर्ष असाधारण विदा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

यस नारायण नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरु विभिन्न कारणले काजमा रही कामकाज गर्दै आउनु भएकोमा केहि स्वास्थ्य संस्थाहरु रिक्त रहि स्वास्थ्य सेवा प्रभावित हुन गएको हुँदा काजमा रहि कामकाज गर्दै आउनु भएका सवै स्वास्थ्यकर्मिहरुको काज फिर्ता गर्ने र कार्यालयमा हाजिर भई वडाको कामकाज गर्दै आउनु भएका प्राविधिक कर्मचारीहरुलाई वडा कार्यालयबाटै सेवा प्रवाह हुने गरि वडामै हाजिर हुने गरि कामकाजमा खटाउने निर्णय गरियो ।

**निर्णय नं १०**

नारायण नगरपालिका वडा नं ७ बस्ने श्री ईन्द्र बहादुर बुढा लाई राती सुतिरहेको बेला अचानक बाघले आक्रमण गरि सक्त घाईते बनाएको र जिल्ला बाहिर गई उपचार गर्दा ठुलो रकम खर्च भएको हुँदा राहत स्वरुप निज लाई रु ८,००० (अक्षरुपी आठ हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने गरियो ।

**निर्णय नं ११**

यस नारायण नगरपालिकामा संचालित EWPN, (आई.एल.ओ.) अन्तर्गतको वडागत कार्यक्रम तपसिलका वडाहरुमा तपसिल अनुसारको कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

तपसिल

| क.स. | वडा नं | संचालन हुने कार्यक्रम | कैफियत |
|---|---|---|---|
| १ | १ | कुखुरापालन,बाखापालन,सेनिटरी प्याड,मिठाई पशल | |
| २ | २ | तरकारीखेती,बाखापालन | |
| ३ | ३ | बाखापलन,भैसीपालन | |
| ४ | ४ | बाखापालन,भैसीपालन | |
| ५ | ५ | बाखापालन,कुखुरापालन | |
| ६ | ६ | तरकारीखेती,कुखुरापालन | |
| ७ | ७ | तरकारीखेती,भैसीपालन | |
| ८ | ८ | बाखापलन,कुखुरापालन | |
| ९ | ९ | बाखापलन,कुखुरापालन | |
| १० | १० | बाखापलन,भैसीपालन | |
| ११ | ११ | बाखापलन,भैसीपालन | |

**निर्णय नं १२**

यस नारायण नगरपालिकाले तयार गरेको आई.ई.ई.प्रतिवेदन अनुसार छामघाट खोलाको चुप्रा दोभान देखि उत्तर तर्फ भिरखेत सम्मका विभिन्न स्थलहरुबाट एकमुष्ट ढुङ्गा,गिटी,वालुवा जस्ता नदीजन्य पदार्थहरुबाट निकासी हुने कर संकलनका लागी पहिलो चोटि ३ (तिन) पटक र दोस्रो चोटि ३ (तिन) पटक सूचना प्रकाशन गर्दा समेत ठेक्का नपरेको हुँदा उक्त क्षेत्र लाई २ (दुई) २ (दुई) भागमा विभाजित गरी कोटिला देखि भिरखेतसम्म पर्ने आई.ई.ई.प्रतिवेदन सिफारिस गरेका स्थल नं. २०,२१,२२ र २३ मा उत्खनन हुने सामाग्रीहरुको लगत परिमाण निकाली ईच्छुक व्यक्ति/फर्म संग सोझै वार्ताबाट ठेक्का सम्झौता गरी राजश्व संकलन गर्न कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो ।